दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २५५ | बुटवल | २०८३ असोज १४, गते बुधबार | नेपाल संवत ११४६ | Wednesday September 30, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

# सरकारी निकायबिनै
# उद्योग अनुगमन गर्न खोज्दा चौतर्फी विरोध

**प्रमुख जिल्ला अधिकारी र उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय उपाध्यक्षले सरकारी निकायबिना उद्योगमा अनुगमनका नाममा प्रवेश गर्न खोज्नु गलत भएको बताएका छन् । अनुगमनमा संलग्न व्यक्ति आफैं व्यवसायी रहेको विषयले पनि उनको निष्पक्षतामाथि प्रश्न उठाएको छ ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

सरकारी नियामक निकायबिनै उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारीले बुटवलमा एक खाद्य उद्योगको अनुगमन गर्न पाउनुपर्ने भन्दै झगडाको शैलीमा विवाद गरेको विषयप्रति चौतर्फि विरोध र आलोचना भएको छ ।

उपभोक्ता हित संरक्षण मञ्च, बुटवलका अध्यक्ष समुन्द्र जिसी सोमबार बुटवल-११ ओलीपथस्थित बुटवल रारा मसला उद्योगमा आफूले अनुगमन गर्न पाउनुपर्ने भन्दै उद्योग सञ्चालकसँग विवाद गरेकोप्रति रुपन्देही उद्योग संघ, बुटवल उद्योग वाणिज्य संघले गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

संघका अध्यक्ष कृष्ण पराजुली र महासचिव सुमन बस्यालले विज्ञप्ति जारी गर्दै उद्योगको विषयमा लामो समयदेखि विवाद चलिरहेको र उक्त विषय स्थानीय तह, प्रशासन, घरेलु तथा साना उद्योग कार्यालय हुँदै अदालतसम्म पुगेको तथा हाल विचाराधिन अवस्थामा रहेको अवस्थामा नियामक निकायको स्वीकृतिबिनै अनधिकृत अनुगमन गर्न खोजिएको भन्दै यस्ता काम बन्द गर्न आग्रह गरेको छ । जिसी सोमबार स्थानीयले आयोजना गरेको पत्रकार सम्मेलनमा गएर उद्योगीले अदालतमा दिएको मुद्दा फिर्ता लिनुपर्ने अभिव्यक्ति दिएका थिए । उक्त उद्योगबाट स्थानीयवासीलाई प्रदूषण भएको विषयमा सुधारका लागि उद्योगलाई निर्देशन दिइएको संघको भनाइ छ ।

सोही विषय अदालतमा विचाराधीन रहेकै अवस्थामा उपभोक्ता हित संरक्षण मञ्च बुटवलका अध्यक्ष समुन्द्र जिसीले पत्रकारहरूको टोलीसहित उद्योगमा प्रवेश गरी अभिव्यक्ति दिएको विषयलाई उद्योग संघले गम्भीर रूपमा लिएको जनाएको छ ।

संघले विज्ञप्तिमार्फत् कुनै पनि उद्योगले कानुन र विधिविपरीत काम गर्न नपाउने स्पष्ट गर्दै स्थानीयको अधिकारसमेत बेवास्ता नगर्ने जनाएको छ । तर, नियामक निकायले दिएको निर्देशन पालना गरिरहेका उद्योगलाई टोल समिति वा अन्य समूहको दबाबमा हतोत्साहित बनाउने र बन्द गराउने गतिविधि स्वीकार्य नहुने संघको भनाइ छ ।

संघले बुटवल रारा मसला उद्योग तीन दशकअघि स्थापना भएर सञ्चालनमा आएको उद्योग भएको उल्लेख गर्दै उद्योग स्थापना हुँदा आसपासमा घरहरू नरहेको र उद्योग सञ्चालनमा आएको लामो समयपछि मात्र त्यस क्षेत्रमा बस्ती विस्तार भएको तथ्यसमेत स्मरण गराएको छ ।

'करोडौं रुपैयाँ लगानी गरेर सञ्चालनमा आएको स्वदेशी उद्योगलाई एकाएक विस्थापित वा बन्द गराउँदा त्यसबाट कसैलाई फाइदा नहुने' तर्फ ध्यानाकर्षण गराउँदै संघले विवाद समाधानका लागि संवाद र नियामक निकायको निर्देशनअनुसार अघि बढ्न आग्रह गरेको छ ।

संघले अदालतमा विचाराधीन विषयमा असर पर्ने गरी कुनै पनि गतिविधि नगर्न उपभोक्ता हितको नाममा तथा टोलवासीलाई समेत आग्रह गरेको छ । अदालतको प्रक्रियालाई प्रभावित पार्ने किसिमका गतिविधि नगर्न र विवादलाई कानुनी प्रक्रियाबाटै समाधान गर्न संघले सम्बन्धित पक्षलाई आग्रह गरेको छ । उद्योगमाथि कुनै गुनासो वा समस्या भए सम्बन्धित नियामक निकायमा उजुरी गर्ने, अनुगमन गराउने र कानुनी प्रक्रियाबाट समाधान खोज्ने बाटो खुला रहेको संघको भनाइ छ ।

करोडौं लगानी भएको उद्योगलाई तत्काल बन्द गराउने दबाब सिर्जना गर्दा त्यसले रोजगारी, लगानी र उद्योग सञ्चालनमा प्रतिकूल असर पार्न सक्ने भन्दै सम्बन्धित सबै पक्षलाई संयमित हुन आग्रह गरेको छ । यस्तै बुटवल रारा मसला उद्योगको उत्पादन बन्द गराउने दबाबप्रति बुटवल उद्योग वाणिज्य संघले गम्भीर ध्यानाकर्षण जनाएको छ ।

लामो समयदेखि स्वदेशमै मसलाजन्य वस्तु उत्पादन गर्दै आएको उद्योगलाई समस्या समाधानका लागि पर्याप्त अवसर नदिई उत्पादन नै बन्द हुने अवस्था सिर्जना हुनु निजी क्षेत्रका लागि चिन्ताको विषय भएको संघले जनाएको छ । संघले उद्योग सञ्चालनका क्रममा देखिएका वातावरणीय तथा अन्य समस्यालाई बेवास्ता गर्न नहुने, तर त्यस्ता समस्या समाधानको बाटो उद्योग बन्द गराउनु नभई तथ्यपरक अनुगमन, संवाद, प्राविधिक सुधार र कानुनी प्रक्रियाबाट खोजिनुपर्ने धारणा अघि सारेको छ ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालले मंगलबार विज्ञप्ति जारी गर्दै समस्या समाधानका लागि सम्बन्धित निकाय, स्थानीय बासिन्दा र उद्योगीबिच संवाद हुनुपर्ने बताए । 'उद्योग सञ्चालनका क्रममा समस्या देखिन्छ भने त्यसलाई सुधार गर्नुपर्छ । तर सुधारको अवसर नै नदिई उद्योग बन्द हुने अवस्था सिर्जना गर्नु उचित हुँदैन,'-विज्ञप्तिमा भनिएको छ-'समस्या समाधानका लागि संवाद, सहकार्य र कानुनी प्रक्रियालाई प्राथमिकता दिनुपर्छ ।'

» बाँकी ३ पेजमा


Butwal Chamber of Commerce & Industry, Rupandehi
(An ISO 9001:2015 Certified Organization)
(Founder Member of FNCCI)
BuCCI
मिति : २०८३/०६/१३
हरिप्रसाद अर्याल
अध्यक्ष
Butwal-6, Chamber Marg, Sundarnagar, Rupandehi, Nepal
Telephone : +977-71-531346, 534746
E-mail : butwalcci@gmail.com/info@bcci.org.np URL : www.bcci.org.np
www.facebook.com/butwalchamber @CCI_Butwal
Stop Child Labour
CamScanner




रुपन्देही उद्योग संघ
Rupandehi Chamber of Industries
प्रेस विज्ञप्ति
मितिः२०८३ आश्विन १३ गते
सुमन बस्याल
महासचिव
रुपन्देही उद्योग संघ
कृष्ण प्रसाद पराजुली
अध्यक्ष
रुपन्देही उद्योग संघ
संस्थागत सदस्य/Institutional Member
Confederation of Nepalese Industries (CNI), Kathmandu



## सम्पादकीय

# प्रश्नको घेरामा प्रहरी

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणालाई 'सुरक्षा थ्रेट' देखाउँदै मध्यरातमा पक्राउ गरेको नेपाल प्रहरी अहिले प्रश्नको घेरामा परेको छ। मुलुकमा शान्ति सुरक्षाको जिम्मेवारी प्रहरीको हो। यसले संविधान र कानुनको पालना गर्ने र गराउने जिम्मेवारी बोकेको छ। संविधान र कानुनको पालना गर्दै अरुलाई पनि पालना गराउन कानुनको प्रयोग गर्ने प्रहरीप्रति अहिले उठेको प्रश्न सामान्य होइन्। कानुनको संरक्षण गर्ने प्रहरीले निरन्तर किन कानुनको उल्लंघन गरेको छ ? मानवअधिकारको उल्लंघनमा किन प्रहरी अग्रसर भइरहेको छ ?

मध्यरातमा पूर्व प्रधानन्यायाधीशलाई पक्राउ गर्ने अनि सुरक्षा थ्रेट भएकाले सुरक्षाका लागि भन्ने गैरजिम्मेवार जवाफले प्रहरी संगठन विधि र कानुनमा होइन्, अमुक व्यक्तिको आदेशमा चल्न थालेको छ। अझ कानुन कार्यान्वयन गर्ने जिम्मेवारी बोकेको प्रहरीले राष्ट्रिय मानवअधिकार आयोगको टोलीलाई आफ्नो कार्यालयको गेटभित्रै प्रवेश गर्न रोकेर जंगली राजलाई मलजल गरेको छ। आयोगलाई कुनै पनि विषयमा छानबिन गर्ने र प्रहरी हिरासतमा रहेका व्यक्तिको अनुगमन गर्ने अधिकार संविधानले नै दिएको छ। संवैधानिक अधिकार प्रयोग गरिरहेको मानवअधिकार आयोगको टोलीलाई रोकेर प्रहरीले संवैधानिक मर्ममाथि नै प्रहार गरेको छ।

प्रहरी संगठन अमुक व्यक्तिको आदेश मान्नुपर्ने संगठन होइन्। यसले विधि र कानुनको पालना गर्ने संगठन हो। संविधानको मर्मलाई पालना गर्ने गौरवशाली संगठन हो। तर केही समययताका पक्राउमा प्रहरी संगठनले आफ्नो सांगठनिक मर्मलाई पनि बेवास्ता गर्दै अघि बढेको देखिन्छ। पत्रकार किशोर श्रेष्ठलाई विना कारण पक्राउ गरेर अराजकतालाई मलजल गऱ्यो। कतै आएको समाचारका विषयमा बोलेकै आधारमा विश्लेषक भरत दाहाललाई पक्राउ गऱ्यो। संविधानले नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता दिएको छ। पूर्ण प्रेस स्वतन्त्रता संविधानको मुल मर्म हो।

निरन्तर संविधान र कानुनको उल्लंघन गर्दै अघि बढ्न प्रहरी बाध्य हुनु भनेको मुलुकमा कानुनी राजको अन्त्य भएको संकेत हो। फागुन २१ गतेको चुनावले जुन परिणाम दियो, यो मुलुकमा सुशासनको जग बलियो बनाउन जनताले दिएको मत हो। सुशासनको जगमा बनेको सरकारका हरेक हर्कत मान्दा प्रहरी संगठनको औचित्य र भूमिकामाथि प्रश्न उठेको छ।

पूर्वप्रधानन्यायाधीशको पक्राउप्रति सर्वोच्च अदालतले गम्भीर आपत्ति जनाएको छ। राष्ट्रिय मानवअधिकार आयोगले प्रहरीको भूमिकाप्रति आपत्ति जनाउँदै विज्ञप्ति जनाएको छ। उसले नेपाल प्रहरी उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्कालाई आयोगमा उपस्थितिका लागि पत्र काटेको छ। मानवअधिकार आयोग, सर्वोच्च अदालतको भूमिका संकुचित पार्नेगरी भइरहेका क्रियाकलाप निन्दनीय छन्। प्रहरी संगठनले हरेक गैरकानुनी आदेशको पालना गर्न बाध्य हुनुपर्छ भन्ने होइन्। कानुन र संविधानको रक्षक संगठनले राजनैतिक निकायले दिने आदेश संविधान र कानुनअनुसार छन् कि छैनन् भन्ने हेक्का राख्नु पर्छ। प्रहरी संगठनको गौरवशाली विरासतलाई जोगाउँदै अघि बढ्नु पर्ने दायित्व निर्भिक प्रहरी प्रमुख दानबहादुर कार्कीको हो।

# सेयर बजारमा ९.६२ अङ्कको गिरावट



काठमाडौँ। मंगलबार सेयर बजार परिसूचकमा सामान्य गिरावट आएको छ। बजार बन्द हुँदा नेप्से परिसूचक ९.६२ अङ्कले घटेर २६०३.७१ विन्दुमा बन्द भएको छ।

कारोबार अवधिभर बजारमा उतारचढाव देखियो। सुरुवाती चरणमा केही समय बढेको बजार पछि ओरालो लाग्दै २५९० विन्दुको आसपास पुगेको थियो भने अन्तिम समयमा केही सम्हालिने प्रयास गरे पनि बजार रातामै भई बन्द भयो।

अधिकांश उपसूचकहरूमा गिरावट आएको छ। बैंकिङ, विकास बैंक, फाइनान्स, होटल तथा पर्यटन, हाइड्रोपावर, इन्भेस्टमेन्ट, लाइफ इन्स्योरेन्स, म्यानुफ्याक्चरिङ एन्ड प्रोसेसिङ, र माइक्रोफाइनान्स समूहका सूचकहरू घटेका छन्।

यसमध्ये म्यानुफ्याक्चरिङ एन्ड प्रोसेसिङ समूहमा सबैभन्दा बढी ५४.५२ अङ्कको गिरावट देखिएको छ। यद्यपि, नन लाइफ इन्स्योरेन्स र अन्य समूह २.१९ अङ्क सूचकहरू भने सामान्य वृद्धि भएका छन्।

दिनभरको कारोबारमा ६९ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने १९९ वटा कम्पनीको सेयर मूल्य घटेको छ। साथै, १० वटा कम्पनीको मूल्य स्थिर रहेको छ। बजारमा आईसीएफसी फाइनान्सको डिबेञ्चरको मूल्य सबैभन्दा धेरै ९.१८ प्रतिशतले बढेको छ। त्यस्तै, कारोबार रकमको आधारमा हिमालयन डिस्टिलरीले २२ करोड ९९ लाख रुपैयाँभन्दा बढीको कारोबार गर्दै शीर्ष स्थान ओगटेको छ।

# पुनर्स्थापन हैन, दीर्घकालीन समाधान सामाजिक समायोजन हो !



**नवीन देवकोटा**

विपद्पश्चात पीडितहरूलाई पुनर्स्थापन गरिँदै आएकोमा सामाजिक समायोजनको अवधारणा कहाँबाट आयो भन्ने प्रश्न उठ्नु स्वभाविकै हो। समायोजनको औचित्य पुष्टि गर्नु अघि हाम्रो बसोबास सम्बन्धित सामाजिक संरचना र विगतका पुनर्स्थापनाका प्रयासहरूको थोरै विवेचना गर्नु उचित ठान्दछु।

**ऐतिहासिक पृष्ठभूमि** : सबै जीवले जीवन यापनको लागि जोखिम मोल्दै आएका छन्। जङ्गली अवस्थामा घातक जनावरहरूको जोखिम मोलेकै हौं भने स्थायी बसोबासको क्रममा टिगरिस, नाइल, सिन्धु, ह्वाङ्हो नदीहरूका उग्ररूपको जोखिम पनि मोलेकै हौं। योजनाबद्ध बसोबास गर्दैजानेहरूले जोखिम न्यूनीकरण गर्दै गएस नगर्नेहरू उच्च जोखिम मोलिरहेका छौं। उदाहरणार्थ- काठमाडौं उपत्यकाका हनुमन्ते, शाली नदी, बागमती, रूद्रमति, इच्छुमति, विष्णुमति किनारका क्षेत्र कृषिको लागि र बिचका अग्ला भाग बसोबासका लागि प्रयोग हुँदै आएकोमा ऐश्वर्य भोगको तृष्णाका कारण कृषि क्षेत्रलाई पनि बसोबास क्षेत्रमा रूपान्तरण गर्दा सानाठूला क्षति व्यहोर्दै आएका छौं। देशको अन्य भागका अवस्थाहरू पनि उस्तै छन्।

**आर्थिक पृष्ठभूमि** : जनसंख्याको चाप, खस्कँदो सामाजिक मूल्यमान्यता, ऐश्वर्यको लालच र राजनैतिक अस्थिरताद्वारा स्थापित असक्षम व्यवस्थापनका कारण हामीहरू विपद्को जोखिम मोल्दै स्वेच्छिक र बाध्यत्मक दुबै रूपमा टाकुरादेखि बेँसीसम्म बसाइँ सर्दै गयौं। भाडालाई आम्दानीको स्रोत बनाउन उर्वरा जमीन बेचेर धेरै भवन बनाउने, यात्रुको चाप रहने नदी किनारका गोरेटो छेउ स्थायी व्यवसाय गर्ने जस्ता स्वैच्छिक आचरण गऱ्यौं भने जायजेथा र जिविकोपार्जनको सीप नभएका अवस्थामा बाध्य भएर पनि जोखिम क्षेत्रलाई जिविकोपार्जनको आधार बनायौं, डाँडामा बनाएको विलासी महलमा पुग्न जोखिम मोलेर तल्लो भूभागमा बाटो खन्यौं। सामाजिक मूल्य-मान्यतालाई ऐश्वर्य भोगको आशमा खस्कायौं र आफ्नै कार्यकारी निकाय (सरकार)लाई कृषि क्षेत्रको लागि छुट दिइएको जग्गा (काठमाडौं उपत्यकामा २०५८ साल यता २५ रोपनी) खण्डिकरण गरी आवास निर्माण/बिक्री गर्नेहरूलाई रोक्न नसक्ने अवस्थामा पुऱ्यायौं।

**प्राकृतिक पृष्ठभूमि** : हालै त्रिशुली नदीमा आएको प्रलयकारी प्राकृतिक विध्वंसको विरुद्ध हामी निरीह रह्यौं ! तर, आफ्नै ब्रम्हले प्रकृति आफ्नोविरुद्ध हुन सक्छ भनेर जान्दा जान्दै पनि खोला पुरेर वा त्यसैमा खम्बा गाडेर घर बनायौं, बाढीको उच्च जोखिम संकेत राख्न आउने प्राविधिकलाई आफ्ना जग्गाको मूल्य घट्ने देखेर विपद्को जोखिम मोल्दै बस्तीबाटै लखेट्यौं।

लाङटाङ हिमपहिरो जानुमा उपभोक्तावादी समाज जिम्मेवार भए वा नभए पनि यस्ता अस्थिर पहाडी क्षेत्रका तल्ला भेगका बस्तीहरूले बाढीपहिरोको जोखिम मोलिरहेका छन् भन्ने प्रष्ट थियो तर, प्रलयकारी पहिरो नै जान्छ भन्ने पूर्वानुमान थिएन। यस्तो विपद् फेरि पनि पर्न सक्छ तर, त्यही ठाउँमा वा अन्य ठाउँमा जान्छ, निकट भविष्यमा वा शाताब्दीपछि जान्छ भन्ने विस्वस्त हुन सम्पूर्ण हिमश्रंखृलाकै निरन्तर भौतिक अध्ययन हुन आवस्यक छ, जुन कुरा खर्चिलोभन्दा बढी अव्यवहारिक छ। विकसित समाजमा सरकारी अध्ययन र निर्देशनमा समाजले विश्वास गर्छ र जोखिम न्यूनीकरण हुन्छ। हामी हत्पत्ति सरकारलाई विश्वास नगर्ने हुँदा, वा भनौं हाम्रो राजनैतिक संस्कृतिमा विश्वासिलो सरकार बनाउने चलन नै नभएको हुँदा, हामी समयको बहाव संगसंगै यस्ता प्राकृतिक प्रकोपलाई 'दैवी प्रकोप' मानेर आफूलाई सान्त्वना दिन्छौं र आफ्नो जीवनकालमा नदोहोरिने मान्यता राखेर बिर्सिदिन्छौं। विषम परिस्थितिबाट समाजलाई उठाउनु छ। सामाजिक समायोजनको चटारो छ। समायोजन कार्यमा होम्मिनुअघि विगतका केही प्रयासहरूलाई पनि मनन गरौंः

२०४५ सालमा भूकम्प पीडितहरूलाई दुई किस्तामा ऋण र सुलभ शौचालय (फाइवर ग्लासको प्यान) निर्माण गर्न ६ सय रूपैयाँ अनुदान दिने व्यवस्था थियो। पीडित भएको पहिचानकै आधारमा पहिलो किस्ता वितरण भए लगत्तै दुर्गम क्षेत्रहरूमा ऋणको उद्देश्यविपरित लुगाफाटा/किराना पसलहरूमा चाप देखियो। यता, आसेपासेले उत्पादन गरेको रु. २९०:०० मूल्य तोकिएको सुलभ-प्यान खरिद गर्न पिउनको लागि पर्याप्त पानी नहुने डाँडाका ऋणीहरूलाई पनि बाध्य गराइयो। यस्ता नीतिका साथै सोझै स्थायी सेवामा लैजाने झूटो सपना, बेरुजुको चाप (लेखा कर्मचारी नै नदिइकन) जस्ता कारण धेरै इञ्जिनीयरहरूले जागीर छाडे र पुनर्स्थापना कार्य स्थिर रहेन। तेह्रथुम जिल्लाको बसन्तपुर/शुक्रबारे नजिक पुनर्स्थापनको लागि भौतिक योजना तयार गरियो तर, विस्थापितहरूको छनौट, जग्गाको स्वामित्व, आर्थिक कृयाकलापको न्यून सम्भावना जस्ता समस्याको कारण त्यो कार्यान्वयन भएन। यस्तै समस्याहरूको कारण २०७२ सालमा गोरखाको वारपाकमा 'पुनर्स्थापित' बस्तीको २० प्रतिशत जति घरहरूमात्र प्रयोगमा रहेका छन् भन्ने बुझिन्छ।

भूकम्पपीडितहरूलाई १९९० सालमा दिइएको ऋण मिनाह भएको नजीर देखाउँदै २०४५ सालमा पनि ऋण मिनाहाको लागि दवाव दिइएको र तत् पश्चात्, रु. १०,०००/०० सम्मको ऋण मिनाहा गर्ने सरकारी निर्णय ऋण तिरिसकेकाहरूले रकम फिर्ता नपाएका कारण विवादास्पद रहेको देखिन्छ। नब्बे सालमा बलियो राज्यकोषबाट खर्चिएको ऋण मिनाहा सन्दर्भमा कुनै विवाद नहुनु र २०४५ सालको 'बालख' समाजवादी सरकारले विश्व बैङ्कसँग लिएको ऋण मिनाहा गर्न सैद्धान्तिक अन्योलता सृजना हुनु स्वाभाविक नै थियो। राज्यले जताबाट जसरी भएपनि पीडितका साथै मौकापरस्तलाई समेत सुविधा उपलब्ध गराउनु पर्छ भन्ने मान्यता रहेको समाजमा बाह्य ऋण लिएर नागरिकलाई भत्ता बाँडेर खुसी पारिराख्ने राजनैतिक संस्कृति मौलाउँदै गएकोले २०७२ सालमा ऋण मिनाहा गर्न सरकारको तर्फबाट कुनै ढीलासुस्ति नभएको देखिन्छ। २०७२ सालमा म खटिएको एक पहाडी जिल्लाको दुर्गम गाउँका जनप्रतिनिधिबाट 'सबै घर भत्केका छन्' भन्दै प्रत्येक घरधूरीलाई सरकारले तोकेको राहत रकम उपलब्ध गराउन सदरमुकाममा धम्कीपूर्ण टेलिफोन नै आएको थियो।

**विस्थापितहरूको सामाजिक समायोजनको आधारहरू : सामाजिक संरचना, राज्यकोष, अपेक्षा र मनोदशा।**

सामाजिक संरचना : त्रिशुली नदी विपद्पश्चात् शहरी विकास तथा भवन निर्माण विभागमा भएको अनौपचारिक छलफलमा अन्तरराष्ट्रिय संस्थाका प्रतिनिधिले उनिहरूको सहयोग प्राप्त गर्नु अघि सरकारले पुनर्स्थापनाको लागि जग्गा प्राप्तिको प्रकृया अगाडी बढाउनु पर्ने आशय राखे। केही भौतिक योजनाविद्हरूले जग्गा एकिकरण (ल्याण्ड पूलिङ्) द्वारा पिडितहरूलाई बसोबास गराउन सकिने वैकल्पिक धारणा पनि अघि सारे। भविष्यको चिन्ता नगरी सरकारको अधिनमा रहेको राज्यको अनविकरणीय सम्पत्ति खर्चेर समस्या समाधान गर्ने दायित्व सरकारमा थोपर्नु सबैभन्दा सजिलो र अल्पकालीन समाधानको उपाय हो। विपद्कारी घटनाहरू छोटो अन्तरालमा दोहोरिँदै गए यो उपाय दीगो हुँदैन र भावी सरकारहरूको लागि ठूलो समस्या सावित हुनेछ।

हाम्रो सामाजिक मूल्यमान्यतानुसार भूस्वामित्वको सन्दर्भमा न्यायपालिकाले नै सरकारविरुद्ध व्यक्ति प्रति सहानुभूति राख्दै आएको देखिन्छ। उदाहरणार्थ; काठमाडौंका जग्गाधनीहरूले साँगुरा सडक खोलेर नाफा खाँदै जग्गा बेचे; अहिले यहाँका बासिन्दालाई मोटर हिँड्ने बाटो (जि.एल.डी.) पनि चाहिएको छ, तर यिनका लागि यो सुविधा थप्न दूरदराजका दयनीय अवस्थाका नागरिकहरूले समेत व्यहोर्नुपर्ने गरी राज्यकोषबाट मुआब्जा नदिई यहाँका बाटाहरू चौडा गर्न यिनको जग्गा सरकारले छुन नपाउने निर्णय भएको देखिन्छ। यस्तो सामाजिक संरचना अन्तर्गत जग्गाधनीहरूको सहमतिविना ल्याण्डपूलिङ्द्वारा वा अधिग्रहणद्वारा तिनको जग्गा 'खोसेर' बाढीपीडितहरूलाई वितरण गर्ने सम्भावना छैन।

जग्गा जस्तो अनविकरणीय श्रोतमा राज्यको भन्दा व्यक्तिको हक बढी हुने सामाजिक मान्यताले गर्दा नेपाल सात प्रदेशको मात्र हैन, साठी लाख अघोसित रजौटाहरू (तीन करोड जनसंख्या भागा पाँच सदस्यीय परिवार) को गणतन्त्र हो कि (?) भन्ने बुझाउँछ! सरकार र व्यक्ति (अल्प अस्तित्वहरू)को यो द्वन्दमा लुछिँदै आएको राज्य (चीर अस्तित्व)को पक्षमा उभिनेहरू विरलै भेटिन्छन्। यस्तो जड समस्याको समाधान हुन भूमिमाथि पहिलो अधिकार राज्यको हुन आवस्यक छ, जसरी विकसित लगायत उत्तर कोरिया जस्ता देशहरूमा समेत छ। त्यसपछि मात्र राज्यश्रोतको उपयोग गरेर जीवनयापनका लागि पूर्वनिर्धारित न्यूनतम आवश्यकता पूर्ति गर्ने र विपद् पश्चात 'पुनर्स्थापन गर्ने' जस्ता दायित्व सरकारमा थोपर्नु उचित हुन्छ।

साथै, सरकार पनि राजा तथा राणाहरूले बसालेको र विगतका संसदीय सरकारहरूले त्याग्न नसकेको कार्यपालिका (सरकार) र व्यवस्थापिका (संसद्) एक अर्काका पर्याय हुने (दलका सभापतिरअध्यक्ष नै संसदीय दलका नेता हुँदै प्रधानमन्त्री हुने र यिनका अघि सत्ताधारी दलका कुनै सांसद आकस्मिक परिस्थिति विनाका अध्यादेशको विरुद्ध समेत बोल्न नसक्ने आदि) भन्ने अधिनायकवादी भ्रमबाट मुक्त भएर विद्यमान सामाजिक मान्यता र कानूनी प्रावधानहरू भित्रबाटै समस्याको दीगो समाधान खोज्ने एउटा कुशल व्यवस्थापकको भूमिका मात्रमा प्रस्तुत हुनु उपयुक्त हुन्छ। सामाजिक मूल्यमान्यतालाई दिशा निर्देश गर्ने दायित्व मूलतः संसदमा निहित हुने हुँदा पुनर्स्थापनलाई समस्याको दीगो समाधान बनाउने हो भने यसको अपेक्षा सरकारसँग हैन, संसदसँग राखिनु पर्दछ (उदाहरण- जि.एल.डी. नीति मन्त्रीपरिषद्बाट नभई संसदबाट पारित भएको भए न्यायपालिकाको निर्णय फरक हुन सक्थ्यो)।

**राज्यकोष** : व्यापार घाटा बढ्दो छस अर्थतन्त्र रेमिट्यान्स र वैदेशिक ऋण/अनुदानमा निर्भर छ। शासन प्रणालीमा जनप्रतिनिधिको पदावधि र कर्मचारीको पदस्थापन स्थायी नभएको अवस्थामा सुविधा भोग र आफ्नो कार्यकालको बखान गर्न पुनर्स्थापना आयोजनाहरूको सृजना हुनु स्वभाविकै हो (उदाहरणः उच्च अधिकारीहरूमा आफूले कति ऋण/अनुदान भित्र्याएँ भन्ने चासो रहेको तर, पूर्व अधिकारीहरूले भित्र्याएको ऋण/अनुदान सदुपयोग नभएको अवस्थामा सो को जिम्मेवारीबाट पन्छिने प्रवृत्ति रहेको देखिन्छ)। अर्कोतर्फ, दातृनिकायका कर्मचारीहरूको ध्यान आयोजनामा लगानीको आयतन बढाएर आफ्नो वृत्तिविकासको बाटो खोल्न सक्दो भेरिएशन हुने वातावरण सृजना गराउनु रहेको समेत देखिन्छ।

**राज्यसंगको अपेक्षा** : वीरगञ्जको फोहोर मैला व्यवस्थापनका लागि अधिग्रहण गरिएका जग्गाका पूर्व धनीहरूले विदेशी पर्यवेक्षकहरू सामू 'अझै केही झर्छ कि' भन्ने आशले 'हामी अन्यायमा पऱ्यौं' भन्दै हल्ला गरेका थिए; राहत सामग्री ओसारिरहेका सप्तरी/सिराहाका एक धनाड्यको तर्क थियो 'सरकारले दिएको त लिनुपर्छ' ! हालै, त्रिशुली नदीको बाढीबाट प्रत्यक्ष प्रभावित नभएका स्थानीयहरूले राहत सामग्री ओसार्दा वादविवाद भएको सामाजिक सञ्जालमा देखिएको छ। समग्रमा, हामीहरू 'सरकारसंग पैसा फल्ने रूख हुन्छ', त्यसैले सरकारले जहाँबाट जसरी भए पनि बटुलेर हामीलाई सुविधा थोपरिरहनु पर्छ भन्ने कूमानसिकताबाट पीडित छौं। यस्ता व्यवहारले स्वाभिमान हराएको भान हुन्छ।

यिनै राज्य कमजोर रहने विद्यमान सामाजिक संरचना, यसले स्थापित गरेको मूल्यमान्यता र अघोशित राज्य दोहन गर्ने संसदीय अधिनायकवादी राजनैतिक संस्कारका कारण नीति निर्माता र कार्यान्वयनकर्ताहरू दीगोभन्दा अल्पकालीन समस्या समाधानमा अल्झिने अवस्था रहेको छ। यस्तो सामाजिक मूल्यमान्यताको परिपेक्षमा विगतका धेरै सरकारहरू र तिनका पदाधिकारीहरूलाई भावि पुस्ताको टाउकोमा बोझ थोपरेर राज्यकोषको दुरुपयोग गर्दै मतदातासामू चाराहरू छरेर आफ्ना/संगठनका बखानमा केन्द्रित र भ्रष्टाचारमा लिप्त हुने अवसर मिल्दै आएको देखिन्छ।

**विस्थापितहरूको मनोदशा** : प्राकृतिक प्रकोपलाई सहन सक्ने क्षमता हामीमा हुनुपर्छ तर, हालैको त्रिशुली नदी क्षेत्रमा उर्लेको प्रलयले हाम्रो मनोदशा विक्षिप्त छ। तसर्थ, विगतका समयमा भन्दा सरकार अहिले बढी संयम र जिम्मेवार हुनुपर्दछ।

**त्रिशुली नदी प्रभावितहरूको सामाजिक समायोजन** :

पुनर्स्थापनाको अवधारणा अनुसार भएका विगतका आयोजनाहरूले प्राकृतिक प्रकोप पीडितहरू बीच सरकारहरूले खासै फरक गरेको देखिँदैन। प्रभावितहरूलाई वर्गिकरण गरेर अघि बढ्नु राम्रो हुन्छ -

**प्रभावित वर्ग** : यो समूहमा व्यापार/व्यवसाय र सो को भौतिक आधार (घरजग्गा, कलकारखाना आदि) गुमाएका तर सोही पालिका वा अन्यत्र जोखिमरहित क्षेत्रमा बसोवासको विकल्प भएका बासिन्दाहरू पर्दछन्। यो समूहलाई न्यूनतम अल्पकालीन आर्थिक राहत र क्षमताअनुसारको सहुलीयत ऋण उपलब्ध गराउँदा पर्याप्त हुने देखिन्छ।

**पीडित वर्ग** : (क) यसको पहिलो समूहमा सर्वस्व गुमाएका अशक्त व्यक्ति र नावालिगहरू पर्दछन्। अशक्तहरूलाई आजिवन र नावालिगहरूलाई न्यूनतम १८ वर्ष सम्म आश्रय दिइनु पर्छ। साथै, १८ वर्ष पुगेका प्रतिभावान विद्यार्थीहरूलाई निशुल्क उच्चशिक्षा र न्यूनतम छात्रवृत्ति दिइनु देश हितमै हुनेछ। यस्तो दायित्व व्यहोर्न निजी दानवीरहरू तथा सामाजिक संस्थाहरू पनि अग्रसर हुन सक्छन्। (ख) यसको दोश्रो समूहमा अन्यत्र जायजेथा नभएका सर्वस्व गुमाएका सेवाप्रदायक, व्यवसायी र व्यापारीहरू पर्दछन्। यो समूहसंग उर्जा रहेको तर पूँजी नभएको अवस्था हो। समाजभित्र छरिएर रहनु यिनको चरित्र भएकोले यिनलाई पुनर्स्थापन आयोजनामा एकिकृत गर्नु भनेको यिनको ग्राहक सीमा संकुचित गर्नु हो। अतः यो समूहलाई जीविकोपार्जनको लागि अल्पकालीन आर्थिक राहत र पालिका, गैरसरकारी संस्था आदिको सहकार्यमा व्यापाररव्यवसाय गर्न सहुलियत ऋण उपलब्ध गराउनु उचित देखिन्छ। सीप भएका एकल व्यक्तिहरूलाई निजीरसरकारी उद्योगमा रोजगारी उपलब्ध गराउन सकिन्छ।

लाङटाङ पहिरो जस्ता प्रलयलगायत कुनै पनि प्राकृतिक प्रकोप भविष्यमा नदोहोरिउन् भन्ने कामना गरौं। साथै, यस्ता विपद् दोहोरिएको अवस्थामा प्रभावित तथा पीडितहरूलाई पुनर्स्थापना गर्ने तात्कालीन समाधान खोज्नेतर्फ भन्दा संसदीय समाजले रचेको सामाजिक संरचनाभित्रै तिनलाई समायोजन गरेर भावी पुस्तामाथि बोझ कम गर्ने दीगो समाधानको उपाय अपनाउनेतिर लागौं। घटना र विचारबाट

# के राति भात वा रोटी खाँदा साँच्चै तौल बढ्छ ?

तपाईंले अक्सर आफ्नो घर वा वरपरका मानिसहरूले 'राति भात खाँदा तौल बढ्छ, रोटी खाँदा पनि मोटोपन बढ्न सक्छ, त्यसैले रातिको खानामा कार्बोहाइड्रेट खानु हुँदैन' भनेको सुन्नुभएको होला। तर के साँच्चै यस्तै हो त ?

के राति रोटी वा भात खाँदैमा मात्र तौल बढ्छ वा यसको पछाडि खानाको मात्रा, समय र सम्पूर्ण आहारको पनि असर हुन्छ ?

तौल घटाउन चाहनेहरूको मनमा यस्ता धेरै प्रश्नहरू हुन्छन्। आउनुहोस्, राति के, कति र कतिखेर खानु सही हुन्छ भन्ने विषयमा पोषण सल्लाहकारबाट बुझौं।

**के राति रोटी वा भात खाँदा तौल बढ्छ त ?**

के राति भात वा रोटी खाँदा तौल बढ्छ त ? पोषणाविद् भन्छन्- 'त्यस्तो हुँदैन।'

राति रोटी वा भात खाँदैमा अचानक तौल बढ्दैन। तर, तपाईंले यसको साथमा के खाइरहनुभएको छ भन्ने कुरामा ध्यान दिनु जरुरी हुन्छ।

बाहिरको खानेकुरासँगै रोटी खाँदैमा तौल बढ्ने होइन। तपाईंले रोटी वा भातसँग के खाइरहनुभएको छ र कति बोसो (फ्याट) लिइरहनुभएको छ भन्ने कुराले महत्त्व राख्छ।

जब तौल बढ्न थाल्छ, तब हामी सामान्यतया फलानो कुरा वा चिलानो कुराले तौल बढ्यो भन्ने गर्छौं। तर, मुख्यतया तपाईंको जीवनशैलीका कारण तौल बढिरहेको हुन्छ।

उदाहरणका लागि, यदि तपाईं व्यायाम गर्नुहुन्न र रोटीसँगै बोसोयुक्त, घिउ लागेको वा धेरै चिल्लो भएको खाना खाइरहनुभएको छ भने त्यसले पक्कै पनि तौल बढाउन सक्छ। केवल भात वा रोटी खाँदैमा तौल बढ्दैन।

**राति कति मात्रामा भात खानु सही हुन्छ ?**

राति कति मात्रामा भात खानुपर्छ भन्ने विषयमा पोषणविद्हरु एक वा दुईवटा रोटी खान सकिने सल्लाह दिन्छन्। यदि तपाईं भात खाँदै हुनुहुन्छ भने आधा प्लेट खान सक्नुहुन्छ।

तौल घटाउने क्रममा रातिको खाना कस्तो हुनुपर्छ भन्ने प्रश्नमा पोषणविद् बिहानको नास्ता भारी, दिउँसोको खाना हल्का र रातिको खाना बिल्कुलै हल्का हुनुपर्ने बताउँछन्।

राति खिचडी, दलिया, पातलो दाल र रोटी वा पातलो दाल र भात जस्ता खानेकुरा लिन सकिन्छ।

रातिको समयमा धेरै बोसोयुक्त खाना खानु आवश्यक छैन।

**अबेर राति खाना खाँदा हुने समस्या**

खाना खाँदा मात्रै तौल नियन्त्रण हुने र भोकै बस्दा उल्टै तौल बढ्ने कुरा पोषणविद् स्पष्ट पार्छन्। यदि तपाईं ढिलो खाना खाइरहनुभएको छ र तपाईंको खानपानको शैली ठीक छैन भने, तत्काल तौल नबढे पनि यसले अन्य स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ।

यसैकारण ग्यास्ट्रिक र पाचनसम्बन्धी समस्याहरू सुरु हुन्छन्, किनभने खाना पच्ने निश्चित समय हुन्छ। रातिको खाना खाने सही समय भनेको करिब ७ देखि ८ बजेको बिचमा हो।

तपाईं भात पकाउने तरिका पनि बदल्न सक्नुहुन्छ। चामललाई प्रशस्त पानीमा उमालेर माड फालेको भात खानु बढी फाइदाजनक हुन्छ।

**सरकारी...**

अध्यक्ष अर्यालले उद्योग र स्थानीय समुदायबिच उत्पन्न समस्यालाई द्वन्द्वको विषय बनाउनुको सट्टा प्राविधिक र व्यवस्थापकीय सुधारमार्फत् समाधान खोज्नुपर्ने बताए।

स्थानीय बासिन्दाको गुनासो पनि सम्बोधन हुनुपर्ने र उद्योगीको लगानी तथा रोजगारी पनि संरक्षण हुनुपर्नेमा संघले जोड दिएको छ। दुवै पक्षको हितलाई ध्यानमा राखेर व्यावहारिक समाधान खोज्न सम्बन्धित निकायले सहजीकरण गर्नुपर्ने संघको माग छ। बुटवल रारा मसला उद्योग २०४६ सालमा तत्कालीन घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देहीमा दर्ता भई स्वदेशमै मसलाजन्य वस्तु उत्पादन गर्ने उद्देश्यसहित निरन्तर सञ्चालन हुँदै आएको हो।

स्वदेशी उत्पादनमार्फत् आयात प्रतिस्थापन गर्ने र स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले स्थापना भएको उद्योगले लामो समयदेखि स्थानीय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउँदै आएको संघको भनाइ छ।

तर पछिल्लो समय उद्योगबाट धुलो प्रदूषण र कम्पन भएको भन्दै स्थानीय बासिन्दाबाट विरोध तथा उजुरी आएपछि उद्योगको उत्पादन प्रभावित भएको छ । त्यसपछि नियमनकारी निकायबाट समेत उद्योगमाथि एकतर्फी दबाब सिर्जना भएको भन्दै संघले चिन्ता व्यक्त गरेको हो।

संघले सम्मानित अदालतबाट समेत अर्को आदेश नभएसम्म उद्योग सञ्चालन गर्न अनुमति प्राप्त भइसकेको अवस्थामा उद्योग सञ्चालनमा अवरोध सिर्जना गर्ने, कानुन हातमा लिने वा हुलहुज्जत गर्ने कार्य स्वीकार्य नहुने स्पष्ट पारेको छ।

'अदालतको आदेशको सम्मान गर्दै उद्योग सञ्चालनका क्रममा देखिएका समस्या समाधान गर्न कानुनी बाटो र संवादलाई प्राथमिकता दिनुपर्छ, उद्योगी व्यवसायीको मनोबल कमजोर पार्ने कुनै पनि गतिविधिले निजी क्षेत्रको लगानीको वातावरणमा नकारात्मक असर पार्न सक्छ।'-संघले भनेको छ।

बुटवल उप-महानगरपालिकाले उद्योगको स्थलगत अनुगमन गरी धुलो तथा कम्पनको समस्या न्यूनीकरणका लागि आधुनिक प्रविधिका मेसिन प्रयोग गर्न सुझाव दिएको संघले जनाएको छ।

उक्त सुझावअनुसार उद्योगले आवश्यक प्रक्रिया अघि बढाएको र सुधारका उपाय कार्यान्वयनमा समेत ल्याइसकेको संघको भनाइ छ । यस्तो अवस्थामा उद्योगलाई थप सहजीकरण गरी सुधारका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्ने वातावरण बनाउनुपर्ने संघले जनाएको छ।

अध्यक्ष अर्यालले उद्योगले सुधार गर्नुपर्ने विषयमा निजी क्षेत्र पछि नहट्ने स्पष्ट पार्दै नियमनकारी निकायले पनि सुधारका लागि आवश्यक समय र सहजीकरण उपलब्ध गराउनुपर्ने बताए।

संघले उद्योगसँग सम्बन्धित समस्यालाई गम्भीरतापूर्वक लिएर तथ्यपरक अनुगमन गर्न, स्थानीय बासिन्दा र उद्योग व्यवस्थापनबीच संवाद गराउन तथा सम्बन्धित सरकारी निकायबिच समन्वय गर्न आग्रह गरेको छ।

उद्योग बन्द हुँदा त्यसको प्रत्यक्ष असर उद्योगमा आश्रित श्रमिक, व्यवसायी तथा स्थानीय अर्थतन्त्रमा पर्ने भएकाले समस्या समाधान गर्दा रोजगारी र लगानी संरक्षणलाई समेत ध्यान दिनुपर्ने संघको भनाइ छ।

संघले निजी क्षेत्रको लगानीलाई सुरक्षित र उद्यममैत्री वातावरण निर्माण गर्न सरकार तथा नियमनकारी निकायको भूमिका महत्वपूर्ण हुने जनाएको छ।

'उद्योगीले कानुन र मापदण्ड पालना गर्नुपर्छ, स्थानीय बासिन्दाको गुनासो पनि सम्बोधन हुनुपर्छ, तर समस्या समाधानको नाममा उद्योग नै बन्द हुने अवस्था सिर्जना हुनु हुँदैन,' अध्यक्ष अर्यालले भने-'सम्बन्धित सबै पक्ष बसेर तथ्य र प्रमाणका आधारमा समाधान खोजौं। सुधार गर्नुपर्ने विषयमा उद्योगलाई आवश्यक समय दिऔँ र रोजगारी तथा लगानी जोगाउने वातावरण बनाऔँ।'

संघले आवश्यक सुधार तथा व्यवस्थापनका लागि उद्योगलाई उपयुक्त समय र सहजीकरण प्रदान गर्न तथा निजी क्षेत्रको लगानी, उद्यमशीलता र रोजगारी संरक्षण गर्ने वातावरण निर्माण गर्न सम्बन्धित सरकारी तथा नियमनकारी निकायसँग आग्रह गरेको छ।

होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघका पूर्व अध्यक्ष एवं श्री पोइन्ट गार्डेन पार्टी प्यालेसका संस्थापक जिसीले उपभोक्ता हित संरक्षण मञ्चको प्रतिनिधि नाममा यसअघि अनुगमनमा क्रममा गरेका गतिविधिको पनि चर्को आलोचना हुने गरेको थियो। उनी सम्बन्धित सरकारी निकायका अधिकारीलाई पछि पार्दै उद्योग वा होटेलका वस्तुहरु हातमा लिएर गुणस्तरकोबारे मिडियासंग आफूखुशी व्याख्या गरेर विवादमा तानिँदै आएका छन्।

उनीमात्र होइन बुटवल उपमहानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्याल पनि अनुगमनका क्रममा विवादित अभिव्यक्ति दिने गरेको व्यवसायीको गुनासो छ।

खाद्य वस्तुको गुणस्तर बारेमा खाद्य तथा गुण नियन्त्रण कार्यालयका विज्ञ अधिकारी बोल्नुपर्ने विषयमा उपप्रमुख, उपभोक्ता अधिकारकर्मीहरु आफैं विज्ञ भएर मिडियासंग बोल्ने विषय पटक पटक आलोचित बन्दै आएको छ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले उपभोक्ता हित संरक्षण मञ्च वा अरु कुनै गैरसरकारी संस्था सम्बन्धित नियामक सरकारी निकायको उपस्थिति विना अनुगमनमा जान र अनुगमन गर्न नपाइने बताए । कुनै वस्तु वा सेवाबारे प्रमाण सहितको गल्ती त्रुटि भेटिएको भए सरकारी निकायलाई जानकारी गराउन मात्र मिल्ने प्रमुख जिल्ला अधिकारी अर्यालले स्पष्ट पारे।

उपभोक्ता हित संरक्षण मन्चका केन्द्रीय उपाध्यक्ष तेज कुमार पाठकले पनि बुटवल रारा मसला उद्योगमा अनुगमनका नाममा प्रवेश गर्न खोज्नु गलत भएको बताए । 'यो काम उपभोक्ता हित संरक्षण मञ्चको अधिकार क्षेत्र भित्र पर्दैन हामी स्थानीय अनुगमन समितीको सदस्यको रुपमा बोलाउँदा अनुगमनमा जाने हो तर त्यहा अनुगमन गर्न आफूखुसी गएको देखिन्छ अनुगमनको सरकारी संयन्त्र छ त्यो बाहेक हामीलाई उद्योगमा पस्ने अधिकार होइन।'-उनले भने।

नेपाल पत्रकार महासंघका अध्यक्ष दिनेश पाण्डेले जिसीको गतिविधिलाई दादागिरी भएन र भन्दै प्रश्न गरेका छन्। महासंघका सचिव सिपी खनालले उपभोक्ताको हकहित संरक्षणका लागि गठन भएका भनिएका संस्थाको भूमिका र गतिविधिमाथि नै प्रश्न उठ्न थालेको टिप्पणी गरेका छन् । उपभोक्ताको अधिकार, बजारमा हुने ठगी, गुणस्तरहीन वस्तु तथा सेवाको नियन्त्रण र उपभोक्तालाई न्याय दिलाउने विषयमा सक्रिय हुनुपर्ने संस्थाहरू सरकारी अनुगमन टोलीको अघिपछि हिँड्ने र व्यवसायीमाथि दबाब सिर्जना गर्ने काममा सीमित भएको खनालले औंल्याएका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्-'बुटवलमा एउटा संस्था छ, उपभोक्ता हित संरक्षण मञ्च। यसको नामअनुसार काम उपभोक्ताको हित संरक्षण गर्नुपर्ने हो, तर यसको मूल काम सरकारीअनुगमनकर्ता/अधिकारीको पछिपछि लागेर आफूलाई थाहै नभएको र विज्ञता नभएको विषयमा जोरी खोज्नु र गैरकानुनी रूपमा व्यवसायीलाई धम्क्याउनु/थर्काउनु हो। सोमबार केही युटुबे/फेसबुके लगेर एउटा उद्योगीको हुर्मत लिएछ । यसबाहेक यो संस्थाले सरकारी अनुगमनको अघिपछि गर्नेबाहेक उपभोक्ताका हितका कामकुरा गर्दैन,' खनालले लेखेका छन्-'अर्को अनौठो कुरा, यसका अगुवा पदाधिकारी व्यापारी/व्यवसायी छन् र तिनले सरकारी सूचनामाथिको पहुँचको दुरूपयोग गरी आफू अनुकुलका व्यवसायीको पक्षपोषण गर्छन्, बचाउ गर्छन्, जोगाउँछन्।'

खनालले थप लेखेका छन् -'अर्को जिल्लादेखिकै सरकारी संयन्त्र, जो बेवकुफ छ, जो यस्तै संस्थाको सुझावअनुसार अनुगमन गर्छ, भत्ता पचाउँछ, उपभोक्ताका समस्यामा गम्भीर छैन।'

पछिल्लो समय एउटा उद्योगमा गरिएको अनुगमनका क्रममा केही सञ्चारकर्मी तथा सामाजिक सञ्जालमा सक्रिय व्यक्तिहरूलाई समेत साथमा लिएर उद्योगीमाथि दबाब र सार्वजनिक रूपमा अपमानजनक व्यवहार गरिएको भन्दै व्यवसायी क्षेत्रबाट असन्तुष्टि व्यक्त भएको छ। अनुगमनका क्रममा सम्बन्धित निकायको अधिकार, कानुनी प्रक्रिया र प्राविधिक विषयको स्पष्ट जानकारीबिनै व्यवसायीलाई धम्क्याउने वा थर्काउने शैली अपनाइएको आरोपसमेत छ।

उपभोक्ता हित संरक्षणको नाममा सक्रिय संस्थाले व्यवसायीमाथि प्रश्न उठाउनुअघि आफूले उठाएको विषयमा आवश्यक कानुनी तथा प्राविधिक ज्ञान र प्रमाण राख्नुपर्ने व्यवसायीहरूको भनाइ छ। विशेषगरी उद्योगको उत्पादन प्रक्रिया, खाद्य तथा गैरखाद्य वस्तुको गुणस्तर, लेबलिङ, मापदण्ड र नियमनसम्बन्धी विषय प्राविधिक प्रकृतिका हुने भएकाले सामाजिक सञ्जालको लोकप्रियता वा भीडका आधारमा निर्णय गर्ने प्रवृत्तिले समस्या निम्त्याउन सक्ने उनीहरूको तर्क छ।

उपभोक्ताले दैनिक रूपमा भोगिरहेका मूल्यवृद्धि, कम तौल, म्याद गुज्रिएका वस्तु, गुणस्तरहीन सेवा, गलत सूचना तथा विज्ञापन, कालोबजारी, अनलाइन ठगी र उपभोक्ता उजुरीको प्रभावकारी सुनुवाइका विषयमा यस्ता संस्थाको सक्रियता कति छ भन्ने प्रश्नसमेत उठेको छ।

उपभोक्ताको गुनासो संकलन गर्ने, कानुनी परामर्श दिने, क्षतिपूर्तिका लागि पहल गर्ने तथा अदालत वा सम्बन्धित निकायसम्म उपभोक्ताको पहुँच पुऱ्याउने कामलाई प्राथमिकता दिनुपर्नेमा सरकारी अनुगमनको क्रममा मात्र सक्रिय हुने प्रवृत्तिले संस्थाको औचित्यमाथि नै प्रश्न खडा गरेको व्यवसायीहरूको भनाइ छ।

**अगुवा नै व्यवसायी, निष्पक्षतामाथि प्रश्न**

उपभोक्ता हित संरक्षणका लागि सक्रिय संस्थाका कतिपय अगुवा पदाधिकारी स्वयं व्यापार तथा व्यवसायमा संलग्न रहेको विषयले पनि संस्थाको निष्पक्षतामाथि प्रश्न उठाएको छ।

व्यवसायीको हित र उपभोक्ताको अधिकारबिच सन्तुलन कायम गर्नुपर्ने संस्थाका पदाधिकारी नै व्यवसायिक स्वार्थसँग प्रत्यक्ष जोडिएको अवस्थामा उनीहरूले गर्ने अनुगमन, सिफारिस वा सार्वजनिक टिप्पणीमा स्वार्थको द्वन्द्व हुन सक्ने प्रश्न उठ्छ।

विशेषगरी सरकारी अनुगमनसँग सम्बन्धित सूचना र प्रक्रियाबारे पहुँच राख्ने व्यक्तिले त्यस्तो सूचनालाई आफ्नो व्यावसायिक स्वार्थअनुकूल प्रयोग गरे वा आफूनिकट व्यवसायीको पक्षमा प्रयोग गरेमा त्यो गम्भीर विषय बन्न सक्छ। त्यसैले यस्ता संस्थाका पदाधिकारीको व्यावसायिक संलग्नता, निर्णय प्रक्रियामा पारदर्शिता र स्वार्थको द्वन्द्वसम्बन्धी व्यवस्था सार्वजनिक हुनुपर्ने माग उठेको छ।

सरकारी निकायले आफ्नो कानुनी अधिकार र प्राविधिक क्षमताका आधारमा स्वतन्त्र रूपमा बजार अनुगमन गर्नुपर्नेमा बाह्य संस्थाको दबाब, सुझाव वा सूचनाका आधारमा मात्र अनुगमन हुने अवस्था भए त्यसले सरकारी संयन्त्रको प्रभावकारितामाथि प्रश्न उठाउँछ।

अनुगमनका नाममा सरकारी कर्मचारी तथा सम्बन्धित प्रतिनिधिले भत्ता तथा स्रोत खर्च गर्ने तर उपभोक्ताको वास्तविक समस्या समाधानमा प्रभावकारी परिणाम नदेखिने अवस्था भए त्यसको समेत समीक्षा आवश्यक हुन्छ।

अनुगमन टोलीले कुन आधारमा उद्योग वा व्यवसाय छनोट गऱ्यो, के विषयमा जाँच गरियो, नमुना परीक्षण कहाँ गरियो, प्राविधिक प्रतिवेदन के आयो र कानुनी कारबाहीको आधार के हो भन्ने विषय सार्वजनिक हुनुपर्ने माग पनि उठ्न थालेको छ।

उद्योग तथा व्यवसायको नियमन आवश्यक भए पनि नियमन गर्ने निकाय र दबाब सिर्जना गर्ने समूहबिचको सीमा स्पष्ट हुनुपर्ने व्यवसायीहरुको भनाइ छ।

मञ्चका अध्यक्ष जीसीले भने उपभोक्ता अधिकारको संरक्षणका लागि उद्योग अवलोकन गर्न खोजेको, अनुगमन गर्न नखोजेको बताएका छन्।

---

## नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, नवलपरासी
## विषयः प्रमाणित सम्बन्धमा।




**श्री जो जससँग सम्बन्धित छ।**

**प्रकाशित मितिः २०८३।०६।१४**

प्रस्तुत विषयमा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), बर्दघाट नगरपालिका वडा नं.४ निवासी भारतीय भु.पू. सैनिक नं. १२१९९९ का पेन्सनर बल बहादुर गौचन (ना.प्र.नं. २३७६, गुल्मी), निजको पत्नी रिम कुमारी गौचन (ना.प्र.नं. ११४४०, गुल्मी) को नेपाली नागरिकता प्रमाणपत्र र पेन्सन पट्टामा निम्न बमोजिमको विवरण फरक भएतापनि व्यक्ति एउटै रहेको भनी बर्दघाट नगरपालिका, वडा नं. ४ को कार्यालयको चलानी न.८५ मिति २०८३/०४/०८ गतेको सिफारिस पत्रानुसार भारतीय पेन्सन प्रयोजनार्थ मात्र प्रमाणित गरिन्छ।

निम्नः

| क्र.स. | नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेख भएका विवरण | भारतीय पेन्सन पट्टामा उल्लेख भएको विवरण |
|---|---|---|
| | नाम, थर | नाम, थर |
| क | बल बहादुर गौचन | BAL BAHADUR GURUNG |
| ख | रिम कुमारी गौचन | KIMSANG GURUNG |

**प्रमुख जिल्ला अधिकारी**

---

## श्री परमानन्द बचत तथा ऋण सहकारी संस्था लि. को
## ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३ साल असोज १४ गते**

यस श्री परमानन्द बचत तथा ऋण सहकारी संस्था ले तपशिल बमोजिमका ऋणीले यस संस्थाबाट लिएको ऋणको नियमित रुपमा साँवा तथा ब्याज भुक्तानी नगरी ऋण लिंदाको बखत गरेको शर्त उल्लघंन गरी ऋण भाखा नघाएको हुँदा उक्त ऋण असुलिका लागि पटक-पटक ताकेता गर्दा पनि ऋण भुक्तानी नगरेकाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम (क) बमोजिम सम्बन्धित ऋणीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थामा सम्पर्क राखि तिर्नुपर्ने, बुझाउनु पर्ने कर्जाको साँवा,ब्याज र बाँकी बक्यौता सम्पूर्ण रकम तिर्न, बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा ऋण सुरक्षणको लागि संस्थाको नाममा लेखिदिएको तपशिलमा उल्लेखित घर र जग्गा सहकारी ऐन २०७४, सहकारी नियमवली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम २ बमोजिम एवम् लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, लुम्बिनी प्रदेश सहकारी नियमवली २०७६ को परिच्छेद ६ को नियम २३ को उपनियम (ख) एवंम् संस्थाको नीति तथा कार्यविधिले दिएको अधिकार प्रयोग गरी लिलाम प्रकृया अगाडि बढाइने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

ऋणिको विवरण
नाम : बिन्दुरेखा शाक्य मानन्धर
ससुराको नाम : श्री रत्न शाक्य
श्रीमानको नाम : प्रेमरत्न शाक्य
ठेगाना : तिलोत्तमा, वडा नं. ५, मणिग्राम



ब्यक्तिगत धनजमानी
नाम : श्रवण रत्न शाक्य
बाबुको नाम : प्रेमरत्न शाक्य
बाजेको नाम : श्री रत्न शाक्य



**धितोको विवरण :**

बिन्दुरेखा शाक्य मानन्धरको नाममा रहेको जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका वार्ड नं. ५, साविक आनन्दवन वार्ड नं ४ क कि.न. १०३३ को क्षेत्रफल ०-०-२.५ भित्र (४२.३२ वर्गमिटर) मा रहेको पक्की घर जग्गा समेत।

**श्री परमानन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तिलोत्तमा– न.पा. ५, नयाँमिल, रुपन्देही, नेपाल
फोन नं. ०७१५९०६६७

---

## सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# Invitation for Seal Quotation

Date of publication: 30th Sep.2026 (2083-06-14)

1. The SandhikharkaMunicipalityinvites "sealed" quotations from Nepalese eligible bidders for the construction and Maintenance of following different roads. The estimated amount for the works are as bellows .
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Municipal Executive, Sandhikahrka Municipality, Arghakhanchi, (Email: info@sandhikharkamun.gov.np or sandhikhakamunicipality@gmail.com Telephone No: 077-420112)
3. A complete set of Bidding Documents may be purchased from the office the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till till 6th Oct.2026(2083-06-20during office hours in the following account:
   - Name of the Bank: Rastriya Banijya Bank Ltd.
   - Name of the Office: Sandhikharka Municipality, Arghakhanchi
   - Office Account no:3050100301010002
   - Rajaswa (revenue) Shirshak no :SANDHIKHARKA NP.PA.(GA-1-1)-AANTAR
4. "Sealed" quotation must be submitted to the office of the Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi by hand/courier on or before 12.00 on 7thOct.,2026 (2083-06-21). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 on 7thOct.,2026 (2083-06-21)at the office ofthe Municipal Executive, Sandhikharka Municipality, Arghakhanchi]. Bidsmust be valid for a period of 45 days from the bid submission deadline and must be accompanied by a bid securityof NPR. As specified below, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. on 20thDec.2026(2083-09-05)If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.3050100303000002at Rastriya Banijya Bank Ltd., Sanhikharka, Arghakhanchi and submit the receipt of the deposited amount of cash along with the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. **Bidders other details are as given below:**

| Tender No. | Name of Project | Estimated Amount NRS (Exclusive of VAT) | Bid Security Amount In NRs |
|---|---|---|---|
| SQ/SM/R/P/03 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 1 | 2,57,743.08 | 6500.00 |
| SQ/SM/R/P/04 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 2 | 2,14,880.52 | 5500.00 |
| SQ/SM/R/P//05 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 3 | 3,00.474.63 | 7600.00 |
| SQ/SM/R/P/06 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 4 | 2,57,521.65 | 6500.00 |
| SQ/SM/R/P/07 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 5 | 6,00,885.42 | 15500.00 |
| SQ/SM/R/P/08 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 6 | 6,87,681.67 | 17200.00 |
| SQ/SM/R/P/09 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 7 | 3,86,849.88 | 10000.00 |
| SQ/SM/R/P/10 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 8 | 6,91,085.75 | 17300.00 |
| SQ/SM/R/P/11 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 9 | 2,57,522.95 | 6500.00 |
| SQ/SM/R/P/12 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 10 | 3,87,277.61 | 10000.00 |
| SQ/SM/R/P/13 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 11 | 5,15,248.70 | 13000.00 |
| SQ/SM/R/PM/14 /2083/084 | Construction and Maintenance of Different Roads of Sandhikharka Municipality, Ward No. 12 | 2,57,562.34 | 6500.00 |

**chief administrative officer**

---

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# पार्टीका कमजोरी सुधारेर अघि बढ्नुपर्छ : विद्या भण्डारी



बुटवल। पूर्व राष्ट्रपति तथा नेकपा एमालेका वरिष्ठ नेता विद्या भण्डारीले पार्टीभित्र भएका कमजोरीलाई सुधार गरेर अघि बढनुपर्ने बताएकी छन् ।

मंगलबार एमाले रुपन्देहीले बुटवलमा आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै भण्डारीले अब अरुलाई दोष लगाउनेभन्दा पनि आफ्नो आन्तरिक कार्यशैली सुधार गरेर अघि बढ्नुपर्ने बताइन् ।

भण्डारीले एउटा निर्वाचनको परिणामबाट शिथिल नहुन पार्टी नेता कार्यकतालाई आग्रह गरिन् । 'राजनीतिक आन्दोलनमा अनेक उतार चढाव आइरहन्छन्, गत निर्वाचनको परिणामले पार्टीको आन्तरिक जीवनमा असर गरे पनि कमजोर मनस्थिति बनाउन आवश्यक छैन,' उनले भनिन्-'राष्ट्रिय राजनीतिमा एमालेले निभाउँदै आएको भूमिकामा ठेस लागेको छ, अब पार्टीको आन्तरिक राजनीतिक जीवनमा सुधार आवश्यक छ।'

भण्डारीले पार्टीमा युवा पुस्ताको कमी देखिएको भन्दै अब त्यसको परिपूर्ति गरिनुपर्ने औंल्याइन् । नेपालको बामपन्थी आन्दोलन र पार्टी राजनीतिलाई बलियो बनाउन आफू फेरि राजनीतिमा फर्किएको उनको दाबी छ।

'नेपालमा कम्युनिष्ट आन्दोलन सक्न (सिध्याउन) विभिन्न शक्तिकेन्द्रहरु लागेका छन्, नेपालको बाम आन्दोलन फस्टाएको हेर्न नचाहने शक्तिहरु सक्रिय छन्,' उनले भनिन्-'कम्युनिष्ट पार्टीमा चौतर्फी हमाला रोक्न रोक्न मैले सक्दो भूमिका निर्वाह गर्नेछु ।' आफू नेपालगञ्जमा भएको छैठौं महाधिवेशनबाट केन्द्रीय सदस्य र बुटवलमा भएको आठौं महाविधेशनबाट उपाध्यक्ष बनेको स्मरण गर्दै पूर्व राष्ट्रपति भण्डारीले लुम्बिनीबाटै पार्टीको पहिलो कार्यक्रममा सहभागी हुन पाएकोमा खुसी व्यक्त गरिन् ।

कार्यक्रममा एमाले सचिव छविलाल विश्वकर्माले विद्या भण्डारी पार्टी राजनीतिमा फर्किनु पार्टी र सिंगो कम्युनिष्ट आन्दोलनको लागि महत्वपूर्ण उपलब्धि भएको बताए। नेता विश्वकर्माले पार्टीमा अन्तरिक रुपान्तरण आवश्यक रहेको बताए । कार्यक्रमा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेले केन्द्रीय तहबाट पार्टीमा सुदृढीकरण नभएसम्म पार्टी फेरि पुरानै शक्तिमा फर्किन नसक्ने दाबी गरे । अब विद्या भण्डारीको जगमा टेकेर पार्टीमा परिवर्तनको अनुभूति दिलाउन सक्ने आशा उनले व्यक्त गरे ।

## चुनावी तालमेल हुनसक्छ : ओली

बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचनहरूमा अन्य शक्तिसँग चुनावी तालमेल वा कार्यगत एकता हुनसक्ने बताएका छन् । मंगलबार पार्टीका मातहतका कमिटीसँग भर्चुअल बैठकमा बोल्दै ओलीले पार्टी एकता चर्चा भने समयको बर्बादी मात्रै रहेको टिप्पणी गरेका छन्। 'अन्य शक्तिहरूसँग चुनावी तालमेल वा विषयगत कार्यगत एकता हुनसक्छ,' अध्यक्ष ओलीले भने-'तर अनावश्यक झमेलामा फस्ने गरी पार्टी एकताको चर्चा उपयुक्त छैन।'

अध्यक्ष ओलीले राजधानी वा सुविधाभोगी ठाउँमा बसेर कार्यक्षेत्रको जिम्मेवारी पूरा हुन नसक्ने भन्दै नेताहरूलाई 'टुरिस्ट' जस्तै नघुम्न निर्देशन दिए।

'अब नेता-कार्यकर्ताको मूल्याङ्कन जेष्ठताका आधारमा होइन, काम र श्रेष्ठताका आधारमा हुन्छ। आफूलाई बदल्नुहोस्, शालीनता र विनम्रता सिक्नुहोस् ।'- उनले भने ।

देश बनाउने स्पष्ट खाका र नीति एमालेसँग मात्रै रहेको समेत ओलीले दाबी गरे। उनले भने-'त्यसैले आत्मबलका साथ जनतामाझ पुगेर भरोसा जगाउनुहोस् ।' फागुनको निर्वाचनमा भोग्नुपरेको क्षति बाह्य आक्रमण, योजनाबद्ध विध्वंस र पार्टीभित्रको आन्तरिक कमजोरीका कारण भएको ओलीले दाबी गरे। अबका दिन तथ्य, तर्क र प्रमाणका आधारमा विरोधीहरूले फैलाएका भ्रमहरू चिर्न डिजिटल क्याम्पेन (प्रविधिमैत्री प्रचार) सञ्चालन गरिने पनि उनले बताए।

# कांग्रेस रूपन्देही ३ 'क' मा सभापतिसहित श्रेष्ठको प्यानलै विजयी



**मोहम्मद हबिब**
*भैरहवा*

नेपाली काँग्रेस रुपन्देही प्रदेशसभा क्षेत्र नम्बर ३ (क)को सभापतिमा महेन्द्रकुमार श्रेष्ठको प्यानलै निर्वाचित भएको छ।

नेपाली काँग्रेसको १५औं महाधिवेशनअन्तर्गत सोमबार भएको अधिवेशनपश्चात् निर्वाचनमा प्रतिस्पर्धी लेखनाथ भट्टराईलाई पराजित गर्दै श्रेष्ठको प्यानलै निर्वाचित भएको हो।

श्रेष्ठ २७७ मत प्राप्त गरी सभापतिमा विजयी भए भने भट्टराईले १४४ मत प्राप्त गरे । उप-सभापतिमा सुनिलराज विष्ट २७२ मत ल्याएर निर्वाचित हुँदा प्रतिस्पर्धी यामबहादुर थापा (माइला') ले १४३ मत ल्याए । त्यस्तै, सचिवमा २५३ मतका साथ हुमलाल पौडेल विजयी भए भने प्रतिस्पर्धी दीपक श्रेष्ठले १६२ मत प्राप्त गरे । सह-सचिव (महिला) तर्फ विनिता श्रेष्ठ २७६ मत ल्याएर विजयी भइन भने उनकी प्रतिस्पर्धी अर्पिता विश्वकर्माले १३२ मत पाइन। सह-सचिव (खुल्ला) मा गोकुल यादव २५५ मतसहित निर्वाचित हुँदा डिल्लीराज अधिकारीले १४८ मत ल्याए।

प्रदेश अधिवेशन प्रतिनिधितर्फ प्रत्यक्ष खुला सदस्यहरुमा अर्जुन कार्की, अनन्तराज पाण्डे, अरुण बहादुर घर्ती, कन्हैयालाल गुप्ता बानियाँ, कृष्णबहादुर खनाल, ठाकुर अधिकारी रामकिसन बिक र सञ्जिव गुरुङ निर्वाचित भएका छन् । त्यसैगरी अल्पसंख्यक कोटामा विष्णु कहार र मधेसी समानुपतिकतर्फ जितेनद्र यादव निर्वाचित भएको निर्वाचन अधिकृत खिमानन्द भण्डारीले जानकारी दिए।

प्रदेश अधिवेशन प्रतिनिधि प्रत्यक्षतर्फका अधिकांश पदमा भने उम्मेदवारहरु निर्विरोध निर्वाचित भएका हुन् । समानुपातिकतर्फ दलित सदस्यमा प्रेमबहादुर नेपाली, आदिवासी जनजातिमा जीतमान गुरुङ, खस आर्यमा बाबुराम पाण्डे, मधेशी महिलामा निशा केवट, मुस्लिममा रामतुल्लाह अन्सारी र थारु सदस्यमा सतिषकुमार चौधरी निर्विरोध निर्वाचित भएका छन्।

दलित सदस्यमा सञ्जन विक, महिला सदस्यमा पुनम थारु र रुपमाया पुन, दलित सदस्यमा बिक्रमबहादुर सुनार, पेशागत विषय विज्ञमा टिकाराम भट्टराई, ३५ वर्ष मुनिका युवा महिलामा तारा कुँवर, ३५ वर्ष मुनिका युवा खुलामा नवराज अर्याल, श्रमिकमा खेदु यादव र प्रजातान्त्रिक सेनानी, सहिद तथा द्वन्द्वपीडित कोटामा ईश्वरचन्द्र पोखरेल निर्विरोध निर्वाचित भएका छन्।

त्यसैगरी क्षेत्रीय कार्यसमितिको समानुपातिकतर्फ दलित सदस्यमा पुर्नबहादुर सार्की, खस आर्य सदस्यमा खेम कार्की, मधेशी खुल्ला सदस्यमा गंगासागर अग्रहरि र मुस्लिम सदस्यमा तुराव अलि चुरिहार निर्विरोध निर्वाचित भएका छन्।

# रमाइलो बुटवल महोत्सवअघि र्‍याली, प्रथमलाई ३० हजार

बुटवल। बुटवलमा यही असोज १६ देखि ३१ गतेसम्म सञ्चालन हुने रमाइलो बुटवल महोत्सवको अवसरमा झाँकीसहितको र्‍याली निकालिने भएको छ। रेड रक इभेन्ट एण्ड म्यानेजमेन्टको आयोजनामा देवीनगर रंगशालामा हुने महोत्सवमा उद्घाटनअघि असोज १६ गते ११ बजे देवीनगरबाट र्‍याली सुरु हुने आयोजकले जनाएका छन् ।

र्‍याली देवीनगर चोकबाट प्रस्थान गरी देवीनगर रंगशालामा पुगेर उद्घाटन समारोह सुरु गरिने आयोजक संस्थाका अध्यक्ष विकल क्षेत्रीले बताए।

र्‍यालीमा सहभागी हुन बुटवलका १९ वटै वडा तथा नेपाल आदिवासी जनजाति महासंघलगायतलाई पत्राचार गरिएको स्थानीय संयोजक टेकबहादुर गुरुङले बताए । र्‍यालीमा सहभागी हुने टोलीलाई आफ्नो भेषभूषा, बाजागाजा तथा सांस्कृतिक पहिचानसहित उपस्थित हुन आयोजकले आग्रह गरेको छ । विभिन्न समुदाय तथा समूहको सहभागितालाई आकर्षक बनाउने उद्देश्यले याली आयोजना गरिएको आयोजकले जनाएको छ।

र्‍यालीमा सहभागी हुने झाँकीमध्ये उत्कृष्ट झाँकीलाई प्रथम पुरस्कार ३० हजार रुपैयाँ, द्वितीय पुरस्कार २० हजार रुपैयाँ र तृतीय पुरस्कार १० हजार रुपैयाँ प्रदान गरिने छ।

त्यस्तै र्‍याली तथा झाँकीमा सहभागी हुने समूहलाई मायाको चिनो प्रदान गरिनेछ।

महोत्सवमा विभिन्न प्रकृतिका २५० बढी स्टल रहने रेड रक इभेन्ट एण्ड म्यानेजमेन्टका सिइओ पालदेन घलानले जानकारी दिए। हालसम्म करिब २०० स्टल बुक भइसकेको उनले बताए। स्टलमा कृषिजन्य तथा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ।

बुटवलको व्यापारिक गतिविधिलाई थप चलायमान बनाउने उद्देश्यका साथ यो महोत्सव आयोजना गर्न लागिएको आयोजकको दाबी छ। महोत्सवको मुख्य आकर्षकको रुपमा बाल उद्यानतर्फ नेपालमै पहिलोपटक 'जिरो ग्राभिटी राइड' तथा बुटवलमै पहिलोपटक ८ वटा 'बिग बेन' टावर राखिने भएको छ । यस्तै हट एयर बेलुन समेत सञ्चालन हुनेछ । महोत्सवमा आउने दर्शक तथा अवलोकनकर्तालाई नयाँ र फरक किसिमको मनोरञ्जन प्रदान गर्ने उद्देश्यले विशेष आकर्षणहरू राख्न लागिएको उनले बताए। महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारको मनोरञ्जनसँगै विभिन्न व्यापारिक स्टल, रेष्टुरेण्ट तथा अन्य आकर्षणहरू समेत रहनेछन्।

महोत्सवमा बुटवल डान्स आइडल, मम्मी डान्स प्रतियोगिता, हिपअप डान्स प्रतियोगिता, टिकटक प्रतियोगिता लगायतका विविध सांस्कृतिक कार्यक्रम र विशेष इभेन्टसमेत आयोजना हुने कार्यक्रम संयोजक टेकबहादुर गुरुङले जानकारी दिए। उनका अनुसार यी प्रतियोगिताहरुमा एसएमएस तथा भोटिङबाट नगरी निर्णायकको छनोटबाट बिजेता घोषणा गरीनेछ।

उनका अनुसार मेलाको अवलोकलनका लागि विद्यार्थीका लागि परिचय पत्रको आधारमा ८० रुपैयाँ, सर्वसाधारणका लागि १०० रुपैयाँ र विशेष कन्सर्टका लागि ३०० रुपैयाँ प्रवेश शुल्क निर्धारण गरिएको छ । महोत्सवको एक लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने तथा एक करोड बढी कारोबार हुने अनुमान गरिएको छ। महोत्सवबाट हुने कुल नाफा रकमबाट ५ प्रतिशत बाढी पीडितलाई प्रदान गरीने इभेन्टका अध्यक्ष क्षेत्रीले बताए।

# ५ सय परिवारलाई रेडक्रसद्वारा खाद्यान्न सहयोग



परासी । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ सुस्ता पारि क्षेत्रमा बाढीबाट प्रभावित परिवारलाई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नवलपरासीले आवश्यक खाद्यान्न सामग्री सहयोग गरेको छ।

बाढीका कारण दैनिक जनजीवन प्रभावित भएका स्थानीय बाढीपीडित परिवारलाई राहतस्वरूप खाद्यान्न तथा आवश्यक सामग्री वितरण गरिएको हो । विपद्को समयमा प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराई उनीहरूको दैनिकी सहज बनाउन सहयोग गरिएको रेडक्रसले जिल्ला सभापति राजेन्द्रप्रसाद अग्रहरीले जानकारी दिए।

सुस्ता परि क्षेत्रमा बाढीका कारण स्थानीयवासीको घर तथा दैनिक उपभोगका सामग्री प्रभावित भएपछि राहत सामग्री सहयोग गरिएको अग्रहरिले बताए। खाद्यन्न सामग्री वितरण गर्दै अग्रहरिले प्रभावित परिवारको तत्कालीन आवश्यकता पूरा गर्न राहतसँगै दीर्घकालीन विपद् व्यवस्थापन र पूर्वतयारीमा समेत ध्यान दिनुपर्नेमा जोड दिए । रेडक्रसका विपत् समितिका संयोजक अर्जुनबहादुर क्षेत्रीले लागि ५०० जना बढीलाई पुग्ने आवश्यक खाद्यान्न सामग्री सहयोग गरिएको जानकारी दिए । जिल्ला शाखाका कोषाध्यक्ष रामकुमार गुप्ताले पानी दालमोठ, दूध पाउण्डर, चिजबल, कुरकुरे र आवश्यक खाद्यन्न सामग्री वितरण गरिएको बताए।

रेडक्रसले विपद्का समयमा प्रभावित समुदायको आवश्यकता पहिचान गरी मानवीय सहयोगलाई निरन्तरता दिँदै आएको जनाएको छ।

राहत सामग्री पाएपछि बाढीपीडित परिवारले विपद्को समयमा गरिएको सहयोगले दैनिक गुजारा चलाउन केही सहज हुने बताएका छन्। स्थानीयले विपद्को समयमा खाद्यान्नलगायत अत्यावश्यक सामग्री उपलब्ध गराएकोमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाप्रति धन्यवाद व्यक्त गरेको रेडक्रस कार्यालय प्रमुख सन्देश ठाकुरले बताए। नारायणी नदीको पानी गाउँ पसि थारूटोल डुबानमा परेको थियो । बाढीबाट तीन सय घरपरिवार विस्थापित भएका छन्। उनीहरू सुस्ताको वडा नं. ५ का बालिनगर रहेको विद्यालयमा आश्रय लिई बसिरहेका छन् । अहिले नारायणी नदीमा पानीको बहाब घटिरहेको छ।

गाउँवासीहरुमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

विद्या प्रसाद यादव
अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, धकधई, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com